ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-११ ❑ अङ्क-१६, २०७६ भदौं १४ गते, शनिबार (Aug. 31, 2019 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ: संख्या: ६

पृष्ठ ५ मा



प्याराग्लाइडिङमा नेपाली सेना

## त्रियुगा नदि नियन्त्रण आयोजनामा अनियमितता

# समिति मार्फतका योजना प्रभावहिन

फत्तेपुर / गत असार २८ गते आएको बाढीले सप्तकोसी नगरपालिका-३ स्थित सखुवनीमा बनाएको बाँध भत्काए पछि त्यस क्षेत्रका बासिन्दा खतरामा परेका छन् ।

सप्तकोशी नगरपालिका-१ स्थित फत्तेपुरमा निर्माण गरिएको बाँध पनि बाढीले कटान गरेको थियो। सोही समयमा उदयपुरतर्फको बाँध भत्किएका कारण फत्तेपुरको बाँध जोगिएको स्थानीयले बताएका छन् ।



समिति मार्फत भएका काममा गुणस्तरहीन सामग्रीको प्रयोग गरिएको र तारजाली, ढुङ्गा र माटोको परिमाण पनि लगत स्टिमेटभन्दा घटाइएकाले बाँध कमजोर भएको स्थानीयको भनाई छ । समितिमा आफ्ना मान्छे राख्ने, पार्टीका कार्यकर्ता भर्ति पर्ने परिपाटीले काम सन्तोषजन नभएको स्थानीय धर्मराज खत्रीले बताए ।

बाँकी अन्तिम पृष्ठमा

## एनआइसी एशिया को चमत्कारीक निक्षेप योजना

खगेन्द्र काकी

फत्तेपुर / मानिसहरुको बचत गर्ने बानीलाई थप प्रोत्साहन तथा बचतको उचित प्रतिफल प्राप्त गर्न सकुन भन्ने उद्देश्यले एनआइसी एशिया बैंकले ३० नयाँ सुपर चमत्कारीक बचत निक्षेप योजना शुक्रबार सार्वजनिक गरेको छ ।

बैंकले २२ वर्ष पूरागरी २३ औं वर्ष प्रबेश गरेको अवसरमा देशभरका आफ्ना २ सय ९७ शाखाबाट एक साथ सुपर चमत्कारीक बचत निक्षेप योजना सार्बजनिक गरेको हो । 'बैंक पनि साथी पनि, राम्रो पनि हाम्रो पनि' भन्ने मुल नाराका साथ बैंकले आफ्नो

बाँकी चार पृष्ठमा

# सिटिइभिटीईको प्रवेश परीक्षा पुनः लिन ध्यानाकर्षण

जनकपुर /राष्ट्रिय विद्याथी संघका अगुवा नेता तथा कार्यकर्ताहरुले व्यवसायी सीप तथा तालिम परिषद्(सिटिइभिटी)को पुनः प्रवेश परीक्षको माग गर्दैं प्रदेश नम्बर -२ को

बाँकी अन्तिम पृष्ठमा



सीप सिकौं, पुनर्निर्माणमा योगदान गरौं !

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको समन्वयमा विभिन्न संघ/संस्थाले गाउँगाउँमा डकर्मी, सिकर्मी तालिम दिइरहेका छन् । त्यस्ता तालिममा सहभागि भई सीप सिकौं, पुनर्निर्माणमा योगदान गरौं । जीबिकोपार्जनमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा




फत्तेपुर पोलिक्लिनिक(प्रालि)

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७

जनता टाइम्स
JANATA TIMES WEEKLY

प्रकाशकीय...........

## तराई सर्पदंशका घटना

बर्षायाम लागे पछि तराई पीडा भनेको सर्पदंशका घटना हुन । तराईमा सर्पदंशका कारण बर्षमा धेरै ब्यक्तिहरूले ज्यान गुमाई रहेका हुन्छन् । सप्तरीमा मात्र गएको बैशाष यता ३५६ जनाको ज्यान गयो । सर्पदंशकाबाट मृत्यु हुनेहरू बढि अशिक्षा, गरिवीले गाजेको क्षेत्रमा हुने गरेको छ ।

यस्ताबस्तीमा जनचेतना पुर्‍याउन नसक्नु विडम्बना हो । सर्पले टोकेका बिरामीलाई धामीझाँक्रीले झारफुक गर्दा पनि ठीक नभएपछि मात्रै अस्पताल लगिने गरेका कारण बिमारीको ज्यान जाने गरेको दृष्टान्त अनगिन्ति छन् । अझै पनि धामी झाक्रिको भर पर्ने चलन गाउँघरमा जिवितै भएको यो एउटा उदाहरण पनि हो ।

सर्पले डसेर एकपछि अर्को ब्यक्तिको मृत्यु भइरहे पनि उपचारमा भन्दा झारफुकमा भरोसा गर्ने प्रवृत्ति बढेको छ । यसमा दुईवटा कारणहरु छन् । एउटा अशिक्षाले र अर्को अस्पताल लानु पर्छ भन्ने ज्ञान हुदा हुदैं पनि अस्पतालमा खर्च हुने र त्यो जुटाउन नसक्ने भए पछि अन्तिम भरोसा धामीसँग हुने गरेको छ ।

तराईका ग्रामिणबस्तीमा यस्ता समस्या भएको स्थान पहिचान गरि जनचेतना जगाउनु पर्दछ । उनीहरूमा भएको गरिवी हटाउन राज्यले नयाँ योजना ल्याउनु पर्दछ ।

### ☎ जरुरी टेलिफोन ☎

⇩ सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१–५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# विषादी नियन्त्रणमा सरकारी दायित्व

उपेन्द्र झा



जनजीवनलाई अस्त व्यस्त बनाउने बाढी, पहिरोको प्रकोप सालमा एकपल्ट आउँछ । तर नेपाली जनजीवनमा महामारीको रूपमा प्रवेश गरेको बिषादिको प्रयोग मानव सभ्यताका लागि ठूलो चुनौतीको रूपमा देखा परेको छ । कृषिजन्य उत्पादनमा बाध्यात्मक रूपमा प्रयोग हुने "प्लान्ट क्वोरेन्टाइन एवं बिषादि व्यवस्थापन केन्द्रमा" दर्ता भएको बिषादिको संख्या १३९ किसिमका छन् । भारतमा यो संख्याको दोब्बरभन्दा पनि बढि बिषादि कृषिजन्य उत्पादनमा प्रयोग हुने गरेको छ ।

वातावरणीय प्रभाव अनुसार वालीको सुरक्षा तथा अत्यधिक उत्पादन लिने उद्देश्य मात्रमा प्रयोग गरिने बिषादि निर्विकल्प अवस्थामा रहेको छ । व्यावसायिक खेतीका लागि बालीको सुरक्षा र बढि उत्पादनको तीव्र विचारमा मानव स्वास्थ्य प्रवेश गरेको पाइन्न । नित नयाँ वैज्ञानिक प्रविधीको आविष्कारले जहाँ मानवलाई संसारसंग जोड्यो, आधुनिक मानवको रूपमा उभ्यायो । उहीं आधुनिकताको नाममा मानव जीवनशैली उदाङ्ग, असन्तुलित र अराजक बन्यो । यही अराजक शैलीले वातावरणको स्वच्छतालाई नाश गर्‍यो । वातावरणको स्वच्छता बिगार्न मानवको अज्ञानतावश आक्रामक हस्तक्षेपले वातावरण अशुद्ध मात्र होइन, अनेक शक्तिशाली ब्याक्टिूयाहरू जन्मिदै गएपछि यो मानव जीवनका लागि प्रकोपको रूपमा देखा परेको छ ।

वातावरणीय स्वच्छता कायम राख्न जैविक तथा वानस्पतीय योगदानको सन्तुलनमा मानवको अराजक हस्तक्षेपले प्राकृतिक प्रणाली नै बिग्रिएर मानव विपरितको वातावरणीय बिकटता आएको हो । मानव सभ्यतालाई नष्ट गर्ने यी विपदालाई शक्ति राष्टूहरूले चिन्ताको बिषय बनाएका छन् । तर नेपाली जनजीवन बिषादि प्रयोग गरेर रोगी हुँदै उल्लेख्य रूपमा मर्दै जानेप्रति सरकारको कुनै चासो नदेखिनु ठूलो दुर्भाग्य हो ।

नेपालमा ४० वर्षदेखि भित्रिएको केमिकल मल र बिषादि २० वर्ष यता बिषादीको प्रयोग तीव्र रूपमा बढेको छ । अन्नवाली, दलहन, तेलहन, तरकारी, सागपात तथा फलफूलहरू सबै बिषादियुक्त रहेकोले बिषादिबाट बच्ने कुनै विकल्प नरहेको अवस्थामा मानव जीवनको अवस्था के होला ? कुनै बिषादि दीर्घकालीन प्रभाव जमाउने किसिमका छन् भने कुनै अल्पकालीन । तर यसको पनि वर्गीकरण गरेको पाईंदैन । यति लामो समयदेखि नेपाली जनजीवनमा बिषादिको प्रयोग भई रहेको, स्वास्थ्य बिग्री रहेको तथा अस्पतालमा रोगीको संख्या यसैकारण बढि रहेको कुरा अध्ययन अनुसन्धानबाट डाक्टरहरूले लेखमार्फत सार्वजनिक गर्न लाग्दा यो महामारीबारे सर्वसाधारणले थाहा पाए ।

भारतीय तरकारी, फलफूल लादिएको सयकडौं मालवाहक वाहन विषादि परिक्षणका लागि सीमानाकामा रोकिएपछि बिषादीको आतंक फैलिएको हो । योभन्दा पूर्व सबै तैं चुप मै चुपको अवस्थामा व्यक्तिगत पीडा भोगि रहेका थिए । साधन स्रोतको अभावमा सरकारले सीमा नाका रोकिएको मालवाहक वाहनलाई नेपाल प्रवेश गर्न अनुमति दियो । बिषादियुक्त तरकारी, फलफूलको आयात पूर्ववत् संचालनमा आयो । तत्काल सरकारले पनि कुनै विकल्प खोज्न सकेन । जेहोस् अज्ञानवश सीमानाकामा रोकिएको मालबाहक वाहकको घटनाले नेपाली जनजीवनमा बिषादिबारेको प्रचार आतंक फैलाउन राम्रो भूमिका खेल्यो । रोकिएको भारतीय तरकारीको परिक्षण गर्दा बिषादिको मात्रा ७०% भन्दामाथि थियो ।

वि. सं. २०२६ ( ०२७ सालतिर नेपालमा महामारीको रूपमा मलेरियाको प्रकोप धेरै मात्रामा देखिएको थियो । मानव जीवन बचाउन त्यतिबेला डिटीटी बिषादि वरदान साबित भएको थियो । कीटनाशकको रूपमा पनि यसको प्रयोग प्रभावकारी साबित भएको थियो । विस्तारै यो बिषादि मानव जीवनको महत्वपूर्ण अंग बन्यो भने पछि विनाशका कारण पनि बन्यो । विस्तारै त्यसको प्रयोग बन्द भयो ।

नेपालमा बढि प्रयोग हुने अर्गानोक्लोरिन, अर्गानोफोस्फेट, पाईरिथ्रोइड्स र कार्बामाईट नामका बिषादि विज्ञहरूले पहिचान गरेका छन् । सम्पूर्ण परिक्षण गर्नका लागि उपकरण प्रविधी "खाद्य प्रविधी तथा गुण नियन्त्रण विभाग" मा रहेकोले नाकामा आउने तरकारी र फलफूलको बिषादि जाँच सम्भव छैन । कालीमाटीमा खोलिएको "पिषादी परिक्षण ईकाई" मा परिक्षण उपकरणको अभाव छ । यसले बिषादिको अवशेषमात्र परिक्षण गर्न सक्दछ भनिन्छ । कृषि विभाग अन्तर्गत रहेको "प्लान्ट क्वोरेन्टाइन" संग पनि पूर्ण जाँचको साधन नभएकोले सीमानाकामा जाँचको प्रक्रियाबाट सरकार पछि हटेको देखियो ।

अहिले नाकामा राखिने सिमित प्रकारका जाँच उपकरणले बिषादिको पूर्ण जाँच गर्न असक्षम नै रह्ने देखिन्छ । जाँचको पूर्णता प्राप्त गर्न खाद्य प्रविधी तथा गुण नियन्त्रण विभागले ताईवानबाट आयात गरेको उपकरण जस्तै हरेक सीमानाकामा उपकरण राख्नु पर्ने हुन्छ । अनि मात्र बिषादियुक्त कृषिजन्य उत्पादनको आयातलाई नियन्त्रण गर्न सकिन्छ ।

कृषिजन्य नेपाली उत्पादनभन्दा भारतबाट आयात हुने उत्पादन बढि बिषालु छन् । नेपालको उत्पादनमा तराईमा बढि बिषादिको प्रयोग छ भने पहाडमा मध्यम तथा दुर्गममा किञ्चित पनि छैन । तर कम तथा बिषादिरहित कृषि उत्पादन प्रतिस्पर्धामा नरहेकोले यो व्यक्ति प्रयोगमा सिमित छ । बिषादिको तीव्र प्रयोगका कारण मानिसमा क्यान्सर रोग लाग्ने, स्नायु प्रणाली प्रभावित हुने आदि रोगको संख्या दिनानुदिन बढ्दो छ । स्वास्थ्य परिक्षण अध्ययनले यही देखाएको छ ।

रासायनिक पदार्थ तथा विषादी नियन्त्रण गर्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुसार यहाँ पनि कानून बनेको छ । तर विषादी प्रयोगको महामारीमा सम्पूर्ण नेपाली जनसंख्या शिकार भई रहेको अवस्था छ । नेपाली जनजीवन विनाशतिर अग्रसर भई रहेकोप्रति न सरकार न उपभोक्ता कोही सचेत भई रहेको देखिदैन र दैनिक जीवनमा आवश्यकता पूर्ति गर्न त्यही बिषादि तरकारी प्रयोग गर्न मानिस बाध्य छन् । जानी जानी बिष खाने, खुवाउने बसी रहेको प्रथालाई हटाउन वैकल्पिक मार्गको खोजी आवश्यक बुझिएको छ ।

नेपाली जनजीवनमा दशकौंदेखि विषादीको प्रयोग भई रहेको र यसको नियन्त्रणमा सरकारको उदासीनता निश्चय पनि एउटा समस्या बनेको छ । विषादी खाएर मृत्युको शिकार भई रहेको जनजीवनलाई यसरी सरकारी स्तरबाट उपेक्षा हुनु निन्दनीय छ । यो महामारीलाई रोक्न जनस्तरबाट पनि आवाज उठ्न जरूरी देखिन्छ । यस्तो महामारीप्रति सम्बेदनशील नहुनु सभ्य सरकारको परिचय होइन । बिषादि नियन्त्रणतर्फ यथाशीघ्र कदम चालियोस् । ( *मधेश दर्पण*

# दाँत फिलिङ गर्दा लगाइने 'मर्करी आमलगम' स्वास्थ्यलाई गम्भीर असर

**देबेन्द्र कार्की**



धरान / अस्पतालमा अझैपनि धेरैको संख्यामा प्रयोग गरिने मर्करीयूक्त रसायनहरु, तापक्रम नाप्ने थर्मामिटर, रक्तचाप नाप्ने ब्लडप्रेसर मिटर, विभिन्न भ्याक्सिन तथा औषधिमा प्रयोग भएका मर्करीयूक्त झोल प्रिजरभेटिभलगायतको प्रयोग प्रश्चात उचित व्यवस्थापनको अभावमा मानिसहरुमाथि गम्भीर प्रभाव पर्दै आएको सरोकारवालाहरुले चिन्ता व्यक्त गरेका छन्।

प्रयोगमा आइरहेको मर्करीयूक्त ट्यूवलाईट, सिएफएल चिमको प्रयोग, दाँत भर्दा प्रयोग हुने मर्करी युक्र एमालगमको प्रयोगले स्वास्थ्यमा गम्भीर असर गर्ने भन्दैं यसको विकल्पको खोजी हुन थालेको छ।

विशेष गरेर मानिसको दाँत कमजोर या समस्या भए पछि दाँतमा जुन किसिमको फिलिङ गरिन्छ, त्यो ५० प्रतिशत मर्करीको प्रयोग हुने गरेको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानकी प्राध्यपक तथा नेपाल डेन्टल एसोसिएसन सुनसरीकी अध्यक्ष डा. जोत्सना खनालले जानकारी दिइन। छालादेखि सबै अंगमा गम्भीर असर गर्ने मर्करी दाँतमा प्रयोग मात्र होइन खाईरहेका छों। यसले ब्रेनमा नराम्रो असर पर्छ। तर नेपालमा कुनै विकल्प नहुदा यसको प्रयोग गर्नु परिरहेको छ।'( दन्तरोग विशेषज्ञ प्राडा खनालले भनिन('अव विकल्प खोजिनु पर्दछ। बच्चा र गर्भवती महिलाहरुलाई त झन बढि असर गर्छ।'

दाँत किराले खाएर विक्रिएको दाँतमा चादी भरिन्छ। उक्त चादीसँगै दाँतसँग जोडाउन अमालगम भन्ने रसायन प्रयोग हुन्छ। उक्त आमलगममा ५० प्रतिशत मर्करी हुने गरेको प्राडा खनालले जानकरी दिइन। युरोपेली मुलुकमा सन् २००७ मा अमालगम प्रयोग हटाएका छन्। त्यसको विकल्पमा दाँतभर्दा मर्करी वा चाँदी फिलिङ नगरेर कम्पोजिट फिलिङमात्र गर्ने माग विरामीले गर्नुपर्ने तथा चिकित्सकले पनि मर्करी फिलिङको सकारात्मक तथा नकारात्मक असरहरुबारे विरामीलाई सम्पूर्ण जानकारी दिनुपर्ने चिकित्सकहरुको सुझाव छ।

शुक्रबार धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र (ऋभएज्भ) काठमाण्डौ र नेपाल डेन्टल ऐसोसिएसन सुननसरी, कायाकल्प विकास तथा अनुसन्धान प्रतिष्ठान धरानको आयोजनामा प्रदेश न. १ मा मर्करीमुक्त दन्त चिकित्सा सेवा, शिक्षा एवं मर्करीमुक्त स्वास्थ्य सेवा प्रवर्द्धन सम्बन्धी कार्याशाला गोष्ठि भएको थियो। गोष्टीमा वीपी प्रतिष्ठानका दन्तरोग विशेषज्ञ, केन्द्रीय प्रविधि क्याम्पसका प्राध्यापकलगायत ५० जनाको सहभागीता रहेको थियो। कार्यक्रममा धरान नगरपालिका का कार्यबाहक नगर प्रमुख नरेश ईवारामले धरानलाई मर्करीमुक्त शहर बनाउने अभियानमा उपमहानगरले सहयोग गर्नृ बताएका थिउ। उनले भने भने' ( १ न. प्रदेशलाई नै मर्करीमुक्त बनाउने अभियान थाल्ने र यसको सुरुवात धरानबाट हुने छ।'

गोष्टीमा सुनसरीलाई नै मर्करी डेन्टलअमालगमको प्रयोगमा प्रतिबन्ध लगाउन तीन बुदे सम्झौतामा हस्ताक्षर समेत गरिएको थियो। वीपी प्रतिष्ठानका डेन्टल विभागका बरिष्ठ चिकित्सकहरु डा. मन्नु विक्रम, डा. सुस्मिता श्रेष्ठ, डा. विशालबाबु बस्नेतलगायतले मर्करीमुक्त चिकित्सा सेवा प्रारम्भ गर्नृ प्रतिवद्धता जनाएका थिए।

सरकारका प्रधानमन्त्री केपी ओली र स्वास्थ्य मन्त्री उपेन्द्र यादवले विश्व स्वास्थ्य संगठनमा आगमी ५ बर्षभित्र नेपालाई मर्करी अमालगम मुक्त बनाउने प्रतिबद्धतासहि तगत भदौं ४ गते हस्ताक्षरसमेत गरिसेको जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र काठमाडौका कार्यकारी निर्देशक तथा वातावरण बैज्ञानिक राम चरित्र साहले जानकारी दिए। भरतपुर उपमहानगरपालिकाले पनि मर्करीी तथा प्लाष्टिजन्य बस्तुको प्रयोगमुक्त शहर बनाउने घोषणा गरिसेको जानकारी दिदैं दोश्रोमा धरान हुने निर्देशक साहले बताए। निर्देशक साहका अनुसार शुरुका दशकमा मर्करीजन्य उपकरण एवं रसायनहरुबाट वातावरण तथा जनस्वास्थ्यमा पर्ने असरहरुबारे बढ्दो जानकारी एवं जनचेतनाको कारण अमेरिकाको प्राय:जसो अस्पताल मर्करीयूक्त उपकरण तथा सामग्रीहरुको उपयोग बन्द गरिसकेको छ। यूरोपीयन समुदायले सन् २००७ देखि मर्करी थर्मामिटर तथा सामग्रीहरुको उपयोग बन्द गरिसकेको छ। रक्तचाप नाप्ने यन्त्रको प्रयोगलाई पनि निरुत्साहित गर्दै गएको छ। हाल आएर घरमा प्रयोग गरिने सिएफएल बल्बमा समेत मर्करीको मात्रा दुई माईक्रोग्राम भन्दा बढी प्रयोग गर्न नपाउने गरी मापदण्ड तोकिसकेको छ। साथै यसको प्रयोग पश्चात अन्तिम व्यवस्थापनको व्यवस्था पनि मिलाएको पाईन्छ।

अर्जेन्टिना, फिलिपिन्सका स्वास्थ्य मन्त्रालयले मर्करीयूक्त उपकरणहरुको उपयोग क्रमश: घटाउँदै अन्तत: पूर्णरुपेण बन्द गर्ने राष्ट्रिय नीति नै बनाएको छ। अन्य देशहरुमा जस्तै भारत, नेपाल, दक्षिणी अफ्रिका, तान्जानिया, मेक्सिको, चिली, कोस्टारिका र ब्राजिलमा मर्करीमूक्त स्वास्थ्य सेवाको थालनी स्वरुप नमूना कार्यक्रमहरु सञ्चालन गरिराखेको बताइएको छ। नेपालमा जनस्वास्थ्य तथा वातावरण प्रबर्द्धन केन्द्रले विश्व स्वास्थ्य सँगठनको आर्थिक सहयोग र व्यवस्थापन महाशाखा, स्वास्थ्य सेवा विभागको संयोजकत्वमा काठमाडौंका तीन वटा अस्पतालहरु जस्तै प्रसुती गृह, नर्भिक र स्तुपा सामुदायिक अस्पताललाई मर्करीमूक्त स्वास्थ्य सेवा बनाउने नमूना कार्यक्रम सञ्चालन गरिरहेको निर्देशक साहले जानकारी दिए।

## यस्ता छन् मर्करीबाट हुने असर

मर्करी एउटा गरुङ्गो धातु हो। यसलाई क्वीक सिल्भर वा सिनेबारको नामले जानिन्छ। यो साधारण तापक्रम एवम दवावमा तरल अवस्थामा पाईने एकमात्र धातु हो। मर्करी हाम्रो दैनिक जीवनमा प्रयोग हुने थर्मोमिटर, रक्तचाप नाप्ने यन्त्र, दाँतमा चाँदी भर्नको लागि, फ्लोरिसेन्ट चिम, ट्यूवलाईट, विजुली एवम मेसिनको स्वीच, ब्याट्री आदिमा प्रयोग गरेको पाईन्छ। यसका साथै परम्परागत रुपमा केहि धार्मिक बस्तुहरु जस्तै मर्करीयूक्त शिवलिङ्ग, कप, मूर्ति, माला, गरगहनाको जलप लगायत अधिकांश आयूर्वेदिक औषधिहरुमा पनि यसको प्रयोग गरिने गरेको पाईन्छ।

**के असर गर्छ**

प्राडा जोत्सना खनालकाअनुसार मर्करीबाट हुनसक्ने समस्या घरदेखि, स्कूल, कलेज, चिकित्सा सेवामा मर्करी, रसायन एवं उपकरणहरुको रुपमा उपयोग हुँदा मानिसले नाङ्गो हातले छोएको, खेलेको एवं सुँघेको मर्करी शरीरको विभिन्न भाग जस्तै स्नायू प्रणाली तथा मृगौलासम्म पुगी विषाक्त प्रभाव पार्न सक्दछ। खासगरी नजन्मिएको बच्चा(भ्रुर्ण) एवं नवजात शिशु, गर्भवती महिलाहरु लगायत अन्य उमेरको मानिसहरुलाई पनि यसले नराम्री प्रभावित पार्दछ। मर्करीले शरीरको रोगसँग लड्ने क्षमताको सबैखाले प्राकृतिक बाधा जस्तै गर्भनाल बाधा, मष्तिस्क रक्त कोशिका बाधा तथा छालासमेतलाई पार गरेर शरीरको विभिन्न संवेदनशील अंगहरु जस्तै मस्तिष्क, फोक्सो, मृगौलासम्म बिना रुकावट सजिलै पुगी हानी पुऱ्याउँछ।

यो एक पटक हावापानी, तथा माटोमा मिसिसकेपछि धेरै समयसम्म एक अवस्थाबाट अर्कोमा परिणत भै वातावरणलाई लामो समयसम्म प्रदूषित समेत राख्ने गर्छ। जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्रले गरेका अध्ययन अनुसार ५० देखि सय शैयाको अस्पतालमा महिनामा करीब एक सयदेखि एक सय ५० वटासम्म मर्करी थर्मामिटर फुट्ने गरेको पाईन्छ। तत्पश्चात पोखिएको मर्करीलाई नाङ्गो हातले चलाएको, कागजले उठाएको, बढारेर फालेको, धारिलो फोहरसँग मिसाएको, फोहरसँग मिसाएर भष्मिकरण यन्त्रमा जलाउने गरेको पाइएको थियो। यसरी स्वास्थ्य सेवामा कार्यरत नर्स, डाक्टर, विरामी, विरामी कुरुवा आदि यसको सम्पर्कमा आई प्रभावित भईरहेको र अझैपनि भईरहने सम्भावना प्रचुर रहेको वातावरण प्रबन्ध केन्द्रका निर्देशक साह बताउछन्।

## तपाईंको यो साता

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): आम्दानी बढ्ने छ। विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): मनमा उत्साह र हिम्मत बढ्नेछ। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।**

**मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला।**

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।**

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): मन प्रफुल्ल रहला। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।**

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): मनमा चंचलता बढ्नेछ। समय राम्रो छैन। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला।**

**तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला। समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला।**

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): स्वास्थ्य सम्बन्धि समस्या आउने छ। मन दोधार होला।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला।**

**धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।समय मध्यम खालको छ।**

**मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय उत्तम खालको छैन। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला।**

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।**

**मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।**

# राजपाको राजनीतिक समिति बैठक स्थगित

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका संयोजक राजकिशोर यादवले डाकेको राजनीतिक समितिको बैठक स्थगित भएको छ । संयोजक यादवले अध्यक्षमण्डलमा छलफल नै नगरी एकलौटीरुपमा राजनीतिक समितिको बैठक बोलाएको भन्दै चर्को विरोध भएपछि बैठक स्थगित गरिएको स्रोतले बताएको छ । संयोजक यादवले शुक्रवार र



शनिवारका लागि राजनीतिक समितिको बैठक बोलाएका थिए । यादव संयोजक भएदेखि एकपटक पनि अध्यक्षमण्डलको बैठक बस्न सकेको छैन । महाधिवेशन नजिकिँदै गर्दा तयारी नभइरहेको बेला संयोजक यादवले राजनीतिक समितिको बैठक आह्वान गरेका थिए । तर, विधानअनुसार अध्यक्षमण्डलको सहमतिबिना कुनै निर्णय नहुने भएकोले केही नेता कार्यकर्ताले विरोध जनाएका थिए ।

## एनआइसी.....

योजना सार्वजनिक गरेको हो । बैंकका अनुसार सुपर चमत्कारीक बचत खाता, सुपर चमत्कारीक नारी बचत खाता, सुपर चमत्कारीक जेष्ठ नागरिक बचत खाता, सुपर चमत्कारीक बाबु नानी खाता बचत खाता, सुपर चमत्कारीक विद्याथी बचत खाता, सुपर चमत्कारीक स्वरोजगार बचत खाता, सुपर चमत्कारीक वैदेशिक रोजगार बचत खाता, सुपर चमत्कारीक उद्यमशिल बचत खाता र सुपर चमत्कारीक तलब बचत खाता योजना ल्याएको जनाएको छ ।

शुक्रबार फत्तेपुर मा गरिएको पत्रकार भेटघाट कार्यक्रम मा देशभरका सबै शाखा कार्यालयहरुबाट एक साथ यो योजना सार्वजनिक गरिएको बैंकका फत्तेपुर घिमिरे लेबताए । उनले देशभरका कुनै पनि शाखाबाट यो सेवा लिन सकिने बताए । योजनामा बैंकले आफु तथा आफ्नो परिवारको सुरक्षार्थ एक करोड ३० लाख ५० हजार रुपैयाँसम्मको विमा सुविधा प्राप्त गर्न सकिने जनाइएको छ । जसको ग्राहकले एक लाख रुपैयाँको डाइमण्ड खाता खोल्नुपर्ने जनाइएको छ । योजनामा बैंकले तीन प्रकार खाता खोल्ने सुबिधा ग्राहकलाई उपलब्ध गराएको छ ।

बैंकका अनुसार खाता सिल्भर, गोल्ड र डाइमण्ड छ । सिल्भर खाता खोल्न एक हजार रुपैयाँ लाग्नेछ भने गोल्ड र डाइमण्ड खाता खोल्नको लागि २५ हजार र एक लाख रुपैयाँ लाग्ने छ । त्यही अनुसार सिल्भरमा ६० लाख, गोल्डमा ८० लाख र डाइमण्डमा एक करोड ३० लाख ५० हजार रुपैयाँ बैंकले बिमा गरिदिने जनाएको छ । यसैगरी, बैंकले बचतकर्ताका परिवारका सम्पूर्ण सदस्यहरुले दुर्घटना वा पूर्ण अशक्तताका लागि एक करोडसम्मको बिमा सुविधा प्राप्त गर्ने छन् । त्यस्तै, दम्पती ९श्रीमान-श्रीमती०को लागि २५ प्राण घातक रोगहरु लागेमा ३० लाख रुपैयाँसम्मको बिमा सुविधा उपलब्ध रहेको छ ।

यस्तै, परिवारका लागि १ लाख ५० हजार रुपैयाँसम्मको औषधि उपचार बिमा सुबिधा समेत उपलब्ध रहेको बैंकले जनाएको छ । साथै कर्जामा समेत विशेष छुट, घरैमा बैकिङ सुबिधा प्राप्त गर्न सकिने, निःशुल्क डिम्याट खाता खोल्ने, निःशुल्क ई-कमर्श एक्टिभेशन, निःशुल्क कलर सेवा, अनलाइन मुद्धती खाताको सुबिधा, निःशुल्क क्रेडिट कार्डको सुबिधा यस योजनामा समाबेश गरिएको जनाइएको छ । योजनामा ग्राहकले स्विप इन-स्विप आउटको सुबिधाबाट बचत खातामा मुद्धती खाताकै सुबिधाहरु प्राप्त गर्नेछन् । सुपर चमत्कारीक बचत योजना अन्तर्गत यस बैंक ग्राहकहरुले देशभरका कुनै पनि बैंक र बैंकका एटिएमबाट निःशुल्क रकम निकाल्न सक्ने जनाएको छ । बैंकको देशभर २ सय ९७ शाखा कार्यालय, ३ सय ४६ एटिएम, ५८ वटा एक्स्टेन्सन काउण्टर, ४१ वटा शाखारहित बैंकिङमार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ । यस्तै, बैंकको देशभर १८ लाख ग्राहकहरु रहेका छन ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

अव धरान विराटनगर धाउनु पर्दैन

यदि तपाईंलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस । हामी तपाईंको सेवामा तत्पर छौं ।

हाम्रा सेवाहरु

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरूजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरूद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।



प्रो.पपुलर चौधरी
सप्तकोशी डेन्टल क्लिनिक
सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन
सम्पर्क: ९८४९१५१५८३ र ९८१७३०९४४७

चौदण्डी नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

चौदण्डी नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर




Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com



# प्याराग्लाइडिङमा आफ्नै खेलाडी उत्पादन गर्दै नेपाली सेना



उदयपुर / देशभरका २४ नेपाली सैनिकहरु उदयपुरको बेलका नगरपालिका ८ मा साहसिक खेल प्याराग्लाईडिङबाट दिक्षित भएका छन् । करिव ३७ वटा नेपाली खेलकुद विधामा आफ्नो उत्कृष्ट प्रर्दशन गर्दै आएको नेपाली सेनाले यो बर्षदेखि प्याराग्लाइडिङ विधामा पनि आफुलाई उपस्थित गराउने भएको छ ।

पश्चिम पृतनालय पोखराका प्रमुख सेनानी अर्जुन बस्नेतले पनि १५ दिने प्याराग्लाइडिङ तालिम लिए । 'नेपाली आकासमा सुरक्षित उडान गरि नेपाली सेनाको नाम उच्च राख्न हामीले तामिल लिइएको हो ।'(प्रमुख सेनानी बस्नेतले भने( 'अव सेनाले प्याराग्लाइडिङ व्यवसायीहरुसँग सहकार्य गरेर अन्य क्षेत्रमा उडान परीक्षणका लागि काम गर्ने छ ।'

सेनानी बस्नेतको नेतत्वको टोलीमा पाल्पा घर भएकी सेनाकी जवान खगिता सिंजालीले पनि आकास उड्ने तालिम लिएकी छन् । एथ्लेटिक्स विधाको हाइजम्पमा ४२ औं राखेप च्यापियन बनेकी सिंजाली नयाँ खेल सिक्न पाएकोमा मख्ख छिन । खेलक्षेत्रमै रहेकी सिंजाली ८ औं खेलकुद प्रतियोगितामा दोश्रो स्थानको मेडल जित्त फल अव ९ औं राष्ट्रिय खेलकुद प्रतियोगितामा प्लाराग्लाइडिङको उपाधी जित्ने आकांक्षा राखेको बचताइन । ५ बर्ष अघि मात्र नेपाली सेनामा जागिर शुरु गरेकी उनले आर्मीमा हाइजम्प विधामा रेकर्ड ब्रेकसमेत गरेकी खेलाडी हुन् । 'यो रमाइलो र साहसिक प्याराग्लाइडिङबाट विश्व रेकर्ड राख्ने इच्छा छ ।

उनी जस्तै १८ महिना अघि मात्र सेनामा छिरेकी गोर्खाकी पुनम भुजेलले पनि १५ दिनको तामिल लिने अवसर पाइन । श्री श्रीजंङ गण लम्जुङमा कार्यरत भुजेल सर्ट रनिङकी धाविका हुन । आकाशमा उड्ने खेलले आफु रोमाञ्चित भएको बताइन ।

धरानस्थित एसियन प्याराग्लाइडिङ एकेडेमीको आयोजना र नेपाल प्याराग्लाइडिङ तथा ह्याण्ड ग्लाइडिङ एसोसिएसन (नेफा) प्रदेश नं १ को संयोजनमा साउन २५ बाट भएको प्रशिक्षणको शनिवार पूर्वी पृतनाका पृतनापति उपरथी अनन्त कार्कीको उपस्थितिमा समापन गरिएको थियो । यो प्रशिक्षणबाट नेपाली सेनाले प्याराग्लाइडिङ पाइलटको पहिलो ब्याच उत्पादन गर्ने सेनाको पश्चिम पृतनाका प्रमुख सेनानी अर्जुन बस्नेतले जानकारी दिए । फुटबल, भलिवल लगायतका खेलमा विभागीय टिम सञ्चालन गरिरहेको सेनाले साहसिक खेलमा पर्ने प्याराग्लाइडिङको पनि अव विभागीय टोली बन्ने पेतनापति कार्कीले बताए ।

आठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा सेनाले करारमा नियुक्त गरेका प्यारा पाइलटहरूले सेनालाई स्वर्ण दिलाएका थिए । आठौंमा पाएको सफलता पछि नेपाली सेनाले आफेले लगानी गरेर प्लाराग्लाइडिङ खेलाडसि उत्पादन गरेको हो । आठौंमा स्वर्ण पदक दिलाउने खेलाडी मध्येका सागर जलारीले नेपाली सेनामा जागिर पाएका छन् । उनले पनि यो १५ दिने कोर्ष लिएका छन् ।

प्रशिक्षणमा सेनाका ५ महिला र १९ पुरुष सहभागी थिए । उनीहरूलाई प्रमुख प्रशिक्षकमा भारतका अजयकुमार शर्मा सहित एसियाडमा रजत पदक विजेताहरू विजय गौतम र विशाल थापा तथा प्रशिक्षकहरू देशमणि जिमी र खुमबहादुर गुरुङले प्रशिक्षण दिएका थिए । यो प्याराग्लाइडिङको शुरुवाती सोलो उडानको कोर्ष हो । रेण्डम कोर्षका लागि एक बर्ष सोलोको अनुभव पछि मात्र गर्न पाइन्छ ।

प्याराग्लाइडिङबाट नेपालले छोटो समयमा प्रगति गर्ने बुझेका सेनाले सरकारले अघि सारेको भ्रमण वर्ष २०२० सफल पार्न पनि सेनाले प्याराग्लाइडिङ पाइलट उत्पादन गरेको समापनमा कार्कीले बताएका थिए ।

एशियन प्याराग्लाइडिङ एकेडेमी नेपालमा तेस्रो र प्रदेश १ मा पहिलो प्याराग्लाइडिङ स्कूल हो । प्याराग्लाइडिङ उदयपुरको वोप्ताङबाट उडान गरेर डुम्रीबोटे नजिक सप्तकोशी किनार छेउको मैदानमा अवतरण गर्दै आएको छ । उक्त उडानका लागि बेलका नगरपालिकाले ४५ रोपनी जग्गा उपलब्द गराएको बेलका नगरपालिकाका मेयर दुर्गा थापाले जानकारी दिए ।

# प्रदेश २ छिट्टै 'मधेश' प्रदेश घोषणा हुन्छ : उपप्रधानमन्त्री यादव

सप्तरी / उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले छिट्टै प्रदेश २ को नाम 'मधेश' घोषणा हुने बताएका छन् । प्रदेश २ को नामका सन्दर्भमा घनिभूत बहस भइरहेको बेला समाजवादी पार्टीका केन्द्रीय समिति अध्यक्षसमेत रहेका मन्त्री यादवले प्रदेश २ को नाम 'मधेश' नै तोकिने दाबी गरेका हुन् । समाजवादी पार्टीले बुधबार वीरगंजमा आयोजना गरेको पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले सो कुरा बताएका हुन् । उनले भने, 'म विश्वस्त छु यो प्रदेशको नाम मधेश नै घोषणा हुन्छ ।' कार्यक्रममा सहभागी भएका प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत गद्दीतर्फ हेर्दै यादवले प्रदेश नम्बर २ को नाम 'मधेश' प्रदेश छिटै सुन्न पाउने आशा व्यक्त गरेको बताए ।




## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

**हाम्रो सेवाहरु**

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

**सम्पर्क स्थान**

**N/C/ Bose** (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।



## कञ्चनरुप नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरूवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरू समयमै वुझाई नगरको विकासमा सहयोग पुर्‍याऔं ।
– आफना चौपायहरू जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरूको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

कञ्चनरुप नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी